# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
# Swarojgar Laghubitta Bittiya Sanstha Limited


नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः बनेपा-५, काभ्रेपलाञ्चोक

फोन नं.: ०११-६६१०६०, ६६५३४८

ईमेलः info@slbbl.com.np, वेबसाईटः www.slbbl.com.np


## सोह्रौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०१/०३ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२/०१/०२ गते मंगलबार दिउँसो ५ बजे बसेको संचालक समितिको २८६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** :- २०८२ वैशाख २९ गते सोमवार (तदनुसार १२ मे, २०२५ ई.सं.)

**समय** :- दिनको ११:३० बजे

**स्थान** :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

**छलफलका विषयहरु**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ. व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८१/०८२ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने (एस.दुवाडी एण्ड एसोसियट्स पून नियुक्तिका लागी योग्य हुनुहुन्छ) ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६९,०६,८२,२९३/- को ०.७१०५२६३१७% ले हुन आउने रु. ४९,०७,४७९.४६ नगद लाभांश रकम (बोनस शेयरको कर प्रयोजनार्थ समेत) पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरुः**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ. व. २०८०/०८१ सम्मको वितरण योग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु. ६९,०६,८२,२९३/- को १३.५०% को दरले हुने रु. ९,३२,४२,११०/- रकम बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. बोनस शेयर जारी पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले वित्तीय संस्थाको जारी र चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गर्ने ।

३. अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीमा संशोधन गर्ने ।

४. यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने, अन्तिम स्वीकृति पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा तथा नियमहरुमा गरिएको थप तथा संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट परिमार्जन वा संशोधन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक परिमार्जन, संशोधन वा फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीः**

१. सोह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०१/११ गते यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द हुनेछ । साथै, मिति २०८२/०१/१० गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई तोकिएको समय भित्रमा नामसारी भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा रहेको शेयर लगतमा कायम भएका शेयरधनीहरु मात्र साधारण सभा तथा बोनस शेयरका लागि योग्य हुनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने हितग्राही खाता खोलिएको हितग्राही परिचय नम्बर/शेयर प्रमाणपत्र वा नागरिकता वा अन्य कागजात लिई आईदिनुहुन अनुरोध छ । संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा सम्बन्धित संस्थाको आधिकारिक पत्र पेश गर्नु पर्नेछ ।

३. सोह्रौं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाईनेछ । कुनै कारणवश उपरोक्त प्रतिवेदन प्राप्त गर्न नसक्नु हुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेवसाईट www.slbbl.com.np मा पनि हेर्न सक्नु हुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रिय कार्यालय बनेपा-५ काभ्रेपलाञ्चोक वा वित्तीय संस्थाको शेयर रजिष्ट्रारको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौं र सभा हुने दिनमा सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४. वार्षिक साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराममा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रिय कार्यालय बनेपा-५, काभ्रेपलाञ्चोकमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्ति गरिएको व्यक्ति समेत वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि फारम (प्रोक्सी) दिंदा आफ्नो समूहको शेयरधनीलाई मात्र दिनुपर्नेछ ।

५. प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिई सकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।

६. नाबालक वा बिक्षिप्त शेयरधनीहरुको तर्फबाट संरक्षक स्वयमले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत पाउनेछन् । शेयरधनीको लगत किताबमा संरक्षकको रुपमा नाम उल्लेख भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

७. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ ।

८. वार्षिक साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको खर्च लगायत अन्य कुनै प्रकारको खर्चको सोधभर्ना वित्तीय संस्थाबाट उपलब्ध नहुने व्यहोरा अनुरोध छ ।

९. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा कुनै जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

११. अन्य थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।